1701 Mountain Industrial Boulevard
Stone Mountain, GA 30083-1027
678-676-1200

**Board of Education**
Dr. Melvin Johnson, *Chair*
Mr. James L. 'Jim' McMahan, *Vice Chair*
Mr. David Campbell
Dr. Karen D. Carter
Mr. John W. Coleman
Dr. Michael A. Erwin
Mr. Thaddeus Mayfield
Dr. Joyce Morley
Mr. Marshall D. Orson

**Superintendent**
Mr. Michael L. Thurmond

---

**चार्टर डिस्ट्रिक्ट जन-सुनुवाइको कार्यक्रम**

डिक्याल्ब काउन्टी स्कूल डिस्ट्रिक्ट (The DeKalb County School District) –ले जर्जिया राज्यमा सबैभन्दा विशाल चार्टर सिस्टम भएको दर्जा हासिल गर्ने प्रयत्न गरिरहेछ। यो लक्ष्यलाई हासिल गर्नको लागि, डिस्ट्रिक्टले चार्टर सिस्टम अर्थात् अधिकारपत्र प्राप्त प्रणालीको दर्जा दिने अनुरोध गर्दै जर्जिया शिक्षा विभागलाई एक आवेदन बुझाउनुपर्नेछ, अनि यस आवेदनबारे तपाईंको विचार अपेक्षित छ। डिस्ट्रिक्ट तपाईंको स्कूलमा स्वायत्तता र सुनम्यताबारे तपाईंका विचारहरू जान्न चाहन्छ तथा विद्यार्थीहरूलाई पढाइने तरिकामा साथै स्कूल प्रशासनमा यो स्वायत्तता र सुनम्यताले कसरी नवीन पद्धतिलाई जन्म दिनेछ, त्यसबारे तपाईंको धारणा जान्न चाहन्छ।

पाँच सामुदायिक संलग्नताका सत्रहरूको कार्यक्रम मिलाइएका छन्, अनि आफ्ना विचारहरू प्रकट गर्ने अवसर खोजिरहेको कुनैपनि व्यक्तिलाई यसमा उपस्थित हुनको लागि आमन्त्रित गरिन्छ तथा यसको साथै मातापिताहरू, शिक्षकहरू, शिक्षिकाहरू, र समुदायका अन्य सदस्यगणलाई पनि यसमा आमन्त्रित गरिन्छ। तपाईंलाई जर्जिया शिक्षा विभागबाट प्राप्त चार्टर सिस्टमहरूसम्बन्धी जानकारीको समीक्षा साथै चार्टर डिस्ट्रिक्टको रूपमा अगावै आफ्ना कार्यहरू सञ्चालित गरिरहेका राज्यका अन्य स्कूल सिस्टमहरूका कतिपय आवेदनहरूको समीक्षा गर्नको लागि पनि प्रोत्साहित गरिन्छ। यो सूचना वा जानकारी प्राप्त गर्नको लागि वेब एड्रेस हो:
http://www.gadoe.org/External-Affairs-and-Policy/Charter-Schools/Pages/default.aspx.

| | | |
|---|---|---|
| क्षेत्र IV | लिथोनिया हाइ स्कूल | मंगलबार, 26 अगस्ट साँझ 6:00 बजी |
| क्षेत्र II | लेकसाइड हाइ स्कूल | बुधवार, 27 अगस्ट साँझ 6:00 बजी |
| क्षेत्र I | डनवुडी हाइ स्कूल | बिहीबार, 28 अगस्ट साँझ 6:00 बजी |
| क्षेत्र V | टावर्स हाइ स्कूल | मंगलबार, 2 सेप्टेम्बर साँझ 6:00 बजी |
| क्षेत्र III | स्टेफेनसन् हाइ स्कूल | बुधबार, 3 सेप्टेम्बर साँझ 6:00 बजी |

तपाईंको सहभागिता निम्ति हामी तपाईंलाई अग्रिममै धन्यवाद प्रकट गर्छौं तथा तपाईंसित चाँडै भेटघाट निम्ति बाटो हेरिरहेका छौं!

सम्पर्क:
ट्रेन्टन् आर्नोल्ड (Trenton Arnold)
678.676.0671
Trenton_J_Arnold@fc.dekalb.k12.ga.us